तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद

# तेश्रो राष्ट्रिय महाधिवेशन-२०७३

माघ २२, २३ र २४, कावासोती, नवलपरासी

## सांगठनिक प्रतिवेदन

सम्मानित तेश्रो राष्ट्रिय महाधिवेशन वन्दसत्र अध्यक्षमण्डलका अध्यक्षज्यू, संरक्षक परिषदका अध्यक्ष, महासचिव एवं सदस्यहरू, सल्लाहकार समितिका अध्यक्ष एवं सदस्यहरू, निर्देशन तथा अनुगमन समितिका संयोजक एवं सदस्यहरू, विभिन्न जिल्लाबाट आउनु भएका जिल्ला अध्यक्ष लगायत सम्पूर्ण प्रतिनिधि मित्रहरू, विशेष सदस्य संगठनका अध्यक्ष, महासचिव एवं प्रतिनिधिहरू, आवद्ध संघ-संस्थाका अध्यक्ष, महासचिब एवं प्रतिनिधिहरूमा हामी सबैको साझा संस्था तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद केन्द्रिय समितिको तर्फबाट हार्दिक न्यानो अभिवादन/छ्याजलो टक्र्याउँछु ।

हामी सबैको सामुहिक एकता र उपस्थितीले भव्यताका साथ सम्पन्न हुन गईरहेको तेश्रो राष्ट्रिय महाधिवेशनको गरिमामय वन्दसत्रमा संस्थाको तर्फबाट साँगठनिक प्रतिवेदन प्रस्तुत गर्न पाएकोमा म आफुलाई भाग्यमानी ठानेको छु । आफ्ना कामहरूलाई एकातिर थाँति राखेर महाधिवेशनको यस महत्वपूर्ण सत्रमा हामी उपस्थित भएका छौं, उपस्थित हुनु भएकोमा केन्द्रीय कार्यसमितिको तर्फबाट हार्दिक स्वागत तथा धन्यवाद व्यक्त गर्दछु । साथै, यस महाधिवेशनलाई सफल बनाउन ब्यवस्थापकीय जिम्मेवारी पूरा गरी सहयोग गर्नु भएकोमा तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद नवलपरासी जिल्ला समिति, गाउँ/नगर इकाई लगायत आबद्ध समाज, भातृसंस्थाका सम्पूर्ण मित्रहरूलाई धन्यवाद दिन्छु । साथै, महाधिवेशनलाई सफल बनाउन विभिन्न उप-समितिमा रहेर दिईएको जिम्मेवारीहरु पूरा गर्न आ-आफ्नो क्षेत्रबाट दिनरात लाग्नु हुने कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूमा धन्यवाद दिन्छु ।

गुरुङ समुदायको नाम उच्च राख्दै, राष्ट्रिय स्वाधिनता रक्षाका लागि शहदात प्राप्त गर्ने गुरुङ शहिदहरू श्रीपति गुरुङ, सुपति गुरुङ, सुकदेव गुरुङ, झागल गुरुङ लगायत सम्पुर्ण ज्ञात-अज्ञात गुरुङ शहिदहरूप्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै स्व.डा.हर्क गुरुङ, तत्कालिन गुरुङ राष्ट्रिय परिषदका संस्थापक अध्यक्ष स्व.प्रा.सन्तबहादुर गुरुङ, संरक्षक परिषदका अध्यक्ष स्व.डा.रेमबहादुर गुरुङ, संरक्षक परिषदका महासचिव तथा गुरुङ समुदायको युगपुरुष स्व.श्रीप्रसाद गुरुङ, तमू केन्द्रीय कार्यालय निर्माणका लागि अहोरात्र खटनुहुने स्व. मोहन गुरुङ, स्व.क्या.मेखसिं क्ल्हे गुरुङ, पोखरा उपत्यका प्रमुख स्व.टेकबहादुर गुरुङ, केन्द्रिय सदस्य सुर्खेतका स्व.कुलबहादुर गुरुङ, जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष स्व.ववरसिंह गुरुङ, जिल्ला कार्यसमिति मोरङको अध्यक्ष स्व. बिर्खबहादुर गुरुङ, स्व.जयबहादुर गुरुङ, कोषाध्यक्ष स्व.नरेन्द्र गुरुङ, जिल्ला कार्यसमिति पर्वतको कोषाध्यक्ष स्व.तीर्थकुमारी गुरुङ, केन्द्रिय सल्लाहकार धरानका स्व.क्या.बिर्खवहादुर गुरुङ, स्व.क्या.दलवहादुर गुरुङ, स्यार्लो तमू प्ये ल्हु संघका अध्यक्ष स्व.क्या.भीमबहादुर गुरुङ लगायत विभिन्न जिल्ला कार्यसमिति तथा आवद्ध संस्थाका स्वर्गारोहण हुनु भएका सम्पूर्ण ज्ञात-अज्ञात अग्रज एवं सदस्यहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, मिति २०७२ बैशाख १२ र २९ गते गएको विनाशकारी महाभुकम्पमा परी मृत्यु हुनुभएका सम्पुर्ण ज्ञात-अज्ञातहरूको मृत आत्माको चीर शान्तिको कामना गर्दछु साथै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

मिति २०७२ माघ १८ गते सोमबार तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको केन्द्रीय कार्यसमितिको दशौं नियमित पूर्ण बैठकले ०७२ बैशाख १२ र २९ गतेको विनाशकारी भुकम्प, तराई मधेश आन्दोलनबाट तत्काल सिर्जित राष्ट्रिय विषम् परिस्थिति आदिको कारणले २०६९ माघ २०-२२ गते विर्तामोड, झापामा सम्पन्न दोश्रो राष्ट्रिय महाधिवेशनबाट निर्वाचित वर्तमान कार्यसमितिको ३ वर्षे कार्यकाल ०७२ माघ २२ गते समाप्त भएतापनि संस्थाको विधान ०६५ संसोधित विधान ०६९, ०७० र ०७२ परिच्छेद ४ दफा १० (१) मा भएको ब्यवस्था बमोजिम आवश्यकता अनुसार केन्द्रीय कार्यसमितिले विशेष परिस्थितिमा १ वर्ष सम्म कार्यअवधि

थप गर्न सकिने छ भन्ने व्यवस्था भएकोले विधान अनुरुपको सोही अधिकार प्रयोग गर्दै वर्तमान कार्यसमितिको कार्यकाल थप १ वर्षसम्म थप गरिएको हो । दोश्रो राष्ट्रिय महाधिवेशन पश्चात संस्थाको दुईवटा राष्ट्रिय पार्षदसभा सम्पन्न भएको छ । प्रथम पार्षदसभा-२०७० फाल्गुण २४ र २५ गते, रामबाच्छा, स्याङजामा र दोश्रो पार्षदसभा-२०७२ फाल्गुण २८ र २९ गते, भरतपुर, चितवनमा सफलतापुर्वक सम्पन्न भएको छ । सम्पन्न पार्षदसभाहरू तत्तत् स्याङ्जा र चितवन जिल्ला समितिको व्यवस्थापकीय सहयोगमा सम्पन्न भएका थिए । दुवै पार्षदसभाहरूमा संस्थालाई थप सुदृढ गराउन र तमू एकताको भावनालाई अझ मजवुत बनाउन संस्थाको विधान-०६५ लाई आवश्यक थप संसोधन गरी व्यवहारिक बनाईएको छ । त्यसैगरी, तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद-०६५ को संशोधित विधान-०६९, ०७० र ०७२ परिच्छेद ४ दफा १० (१) अनुसार आज हामी संस्थाको तेश्रो राष्ट्रिय महाधिवेशनको गरिमामय वन्दसत्र कार्यक्रममा छौं ।

यस गरिमामय वन्दसत्रमा संस्थाले आजसम्म भएगरेका कार्यक्रमहरू, रणनीति, कार्यनीतिमा विश्लेषण र गहन समीक्षा गरी आगामी दिनका लागि भावी कार्ययोजना तर्जुमा गर्नु पर्नेछ । संस्थाको कार्यक्रम, भावी नीतिहरूमा ब्यापक छलफल गरी निचोडमा पुग्नु पर्नेछ । यहाँ उपस्थित सम्पूर्ण प्रतिनिधिहरूबाट यस तेश्रो राष्ट्रिय महाधिवेशनलाई आ-आफ्नो दायित्ववोधका साथ सफल बनाउनु हुनेछ भन्ने पूर्ण विश्वास लिइएको छ । यहाँ छलफल र समिक्षा गरिरहँदा तमू एकताको मूल मर्म र भावनालाई आधार बनाई र महाधिवेशनको मुल नारालाई संस्थागत रुपमा कार्यान्वयन गर्ने नीति निर्माण र नीति अनुसारको नेतृत्व चयनको यर्थाथतालाई पनि स्वीकार गरिनु पर्दछ भन्ने साझा धारणा छ । यसर्थ, सम्पूर्ण जिल्ला समिति तथा संघ/संस्थाहरूबाट सहभागी हुनभएका प्रतिनिधि/पर्यवेक्षकहरूले सोही अनुरुपको कर्तव्यबोध गर्नु हुनेछ भन्ने पूर्ण विश्वास लिइएको छ ।

प्रतिवेदनमा समावेश गरिएका विषयहरू यस प्रकार छन् :

क) **संस्थाको पृष्ठभूमी, मुलुकको वर्तमान अवस्था र हाम्रो भूमिका**
ख) **संस्थाको सांगठनिक गतिविधी**
ग) **संस्थाको रणनीति तथा भावी कार्यक्रमहरू**

**क) संस्थाको पृष्ठभूमी, मुलुकको वर्तमान अवस्था र हाम्रो भूमिका**

श्रद्धेय अध्यक्षज्यू तथा प्रतिनिधि मित्रहरू, अव म संस्थाको पृष्ठभूमी, मुलुकको वर्तमान अवस्था र हाम्रो भूमिकाबारेमा प्रस्तुति राख्ने अनुमति माग्दछु । विश्वभर रहेका सम्पूर्ण तमुहरू एक हौं !! भन्ने मूल मान्यता एवं गुरुङहरूको ईतिहास, अस्तित्व र पहिचानलाई संरक्षण र सम्बर्द्धन गर्न वि.सं. २०११ सालमा स्थापित गुरुङ कल्याण संघ देखि आजसम्म अस्तित्वमा रहेका सम्पूर्ण तमू संघ-संस्थाहरूको इतिहासलाई सम्मान गर्दै वर्तमान सामाजिक र राजनैतिक परिस्थिति अनुरुप यो संस्था तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद अगाडि बढीरहेको छ र भविष्यमा पनि यसरी नै अगाडि बढिरहने छ । यो संस्था "मर्दाको मलामी र जिउँदाको जन्ती" भन्ने भनाईमा मात्र सिमित नभएर सम्पूर्ण गुरुङ समुदायको हक, हित र अधिकार प्राप्तिको लागि स्थापित एकमात्र अधिकारवादी साझा संस्थाको रूपमा रुपान्तरित हुँदै आएको सर्वविदितै छ । अधिकारमुखी जातीय संगठनको रुपमा विकास हुँदै आएको छ, विश्वभरका सम्पूर्ण गुरुङहरूलाई एकजुट गर्दै सवैमा तमू एकताको भावना तरङ्गित गर्दै आएको छ । आदिवासी जनजाति समुदायले उठाउँदै आएको पहिचान, समानुपात्तिक प्रतिनिधित्व र पहुँचको मुद्दा, जातीय, लैङ्गिक, वर्गीय, क्षेत्रीय, साँस्कृतिक लगायत सबैखाले विभेदको अन्त्य गर्न यस संस्थाले अहम् भूमिका निभाउँदै आएको तथ्य पनि सर्वविदितै छ ।

नेपाल वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक र वहुधार्मिक मुलुक भएतापनि यो माटोमा एकल जातीय, भाषिक, साँस्कृतिक र धार्मिक एकाधिकार कायमै छ । हामी आदिवासी जनजाति गुरुङहरूले त्यही एकाधिकारको विरुद्धमा आवाज एकिकृत पार्नका लागि वि.सं. २०४९ मा तमु छोंज धींको स्थापना गरिएको र त्यसबाट विभिन्न जिल्ला कार्यसमितिहरू एकात्मक ढाँचामा निर्माण गरिएको हो र सोहि अनुरुप नेपाल तमु विद्यार्थी छोंज धीं, तमु महिला छोंज धीं जस्ता भातृ-भगिनी संस्थाहरू स्थापना गरिएको हो । तत्कालिन तमु छोंज धींले २०५१ फाल्गुण ६, ७ र ८ गते सुनसरी, धरानमा तत्कालिन कानून, न्याय तथा संसदीय व्यवस्था

मन्त्री माननीय सुभाषचन्द्र नेम्वाङ्गबाट उद्घाटन भई प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरेको, ०५२ मंसीर २३, २४ र २५ गते काठमाण्डौंमा तत्कालिन सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट उद्घाटन भई प्रथम राष्ट्रिय महाधिवेशन, २०५५ माघ ८, ९ र १० गते पोखरामा तत्कालिन सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट उद्घाटन भई दोश्रो राष्ट्रिय महाधिवेशन र २०६१ बैशाख ८,९ र १० गते काठमाण्डौंमा तत्कालिन सम्माननीय प्रधानमन्त्री सूर्यबहादुर थापाबाट उद्घाटन भई तेश्रो राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको हो । त्यसैगरी, तत्कालिन अवस्थामा काठमाण्डौं र पोखरामा क्रियाशिल गुरुङ संघ-संस्थाहरूलाई संघीय ढाँचामा वि.सं. २०५७ फाल्गुण ९ गते गुरुङ राष्ट्रिय समन्वय परिषद स्थापना गरिएको र तत्कालिन गुरुङ राष्ट्रिय समन्वय परिषदले २०६० वैशाख २०, २१ र २२ गते काठमाण्डौंमा तत्कालिन उप-प्रधानमन्त्री माननीय बद्रीप्रसाद मण्डलबाट उद्घाटन भई प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको, २०६४ मंसीर १५, १६ र १७ गते पोखरामा तत्कालिन कानून राज्यमन्त्री माननीय इन्द्रबहादुर गुरुङबाट उद्घाटन भई दोश्रो राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको हो । यसरी तत्कालिन दुई राष्ट्रिय तहका संस्थाहरू तमू छोंज धीं र गुरुङ राष्ट्रिय परिषदको इतिहास र गुरुङ समुदायप्रतिको योगदानलाई आत्मसात गर्दै वि.सं. २०६५ चैत्र १५ देखि १८ गते चितवनमा तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको ऐतिहासिक तमू एकता राष्ट्रिय महाधिवेशन सम्पन्न गरिएको हो । यसैगरि सम्पूर्ण तमू (गुरुङ)हरू एकजुट होऔं । ऐतिहासिक दोश्रो राष्ट्रिय महाधिवेशनको अभियान ! जातीय पहिचान सहितको संघीयता, संघीयता सहितको संविधान !! भन्ने मूल नारा लिएर देशभरका जिल्ला समितिहरू, तमु संघ-संस्था तथा अन्तर्राष्ट्रिय प्रतिनिधिहरूको सहभागितामा मिति २०६९ माघ २० देखि २२ गतेसम्म विर्तामोड, झापामा सफलतापुर्वक सम्पन्न ऐतिहासिक दोश्रो राष्ट्रिय महाधिवेशन पश्चात संस्थाको यो तेश्रो राष्ट्रिय महाधिवेशन हो ।

गुरुङ लगायत हामी आदिवासी जनजातिहरू जातीय पहिचान र आत्मनिर्णयको अधिकारसहितको संघीय व्यवस्था स्थापित होस भन्ने पक्षमा वर्षौंदेखि आन्दोलनरत छौं । हाम्रो आन्दोलन समानता र समान न्यायका लागि २४० वर्षदेखि, हामीमाथि भएको राज्यको विभेद, असमानता एवं उत्पीडनका विरुद्धमा हो र जातीय, वर्गीय, क्षेत्रीय एवं लैंगिक विभेदको अन्त्य गर्नका लागि संघीय व्यवस्थामा जाने कुरा अन्तरिम संविधानमा समेत उल्लेख गरिएको थियो । त्यसवखत केही आशा पलाएको थियो तर यो न्यायपूर्ण आन्दोलनलाई विथोल्न यहाँका अतिवादी सामन्ति, ब्राम्हाणवादी शक्तिहरूले आदिवासी जनजाति माथि भएको शताव्दियौ लामो विभेदको अन्त गर्नको सट्टा त्यसका विरुद्ध भित्रभित्रै षडयन्त्र शुरु गरे । लामो समयसम्म यथावत राजनैतिक संक्रमणकालले थप मलजल गर्‍यो । संविधानसभा-२ बाट नेपालको संविधान-२०७२ जारी गरियो । यस संविधानमा विगतमा जारि गरिएका २००७ साल, २०१५, २०४७ र २०६३ का संविधानभन्दा केहि फरक परिवर्तनहरू र केही विषयहरू जस्तै लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशीता र धर्मनिरपेक्षता स्थापित हुन लागेको देखिन्छ । यो संविधान जनप्रतिनिधि संविधानसभाबाट पारित भई आएकोले केही राम्रो मान्न सकिन्छ । तर नेपाल पक्ष राष्ट्र भएका यूएनड्रिप, आईएलओ महासन्धि १६९ जस्ता कैयौं अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा आदिवासी जनजातिका पक्षमा भएका प्रावधानहरू भने यस संविधानमा कदर गरिएको छैनन्, अन्तर्राष्ट्रिय कानूनहरू सम्बोधन गरिएका छैनन् । युगौं देखिको हाम्रो माग सम्बोधन गरिएका छैनन् । गुरुङ लगायत आदिवासी जनजाति समुदायको हक-अधिकारलाई अस्वीकार प्रायः गरिएको छ । सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, धार्मिक लगायत सवै प्रकारको विभेदका रुपहरू जस्ताका तस्तै यथावत राखिएका छन् । राज्य व्यवस्थाको नेतृत्व तहमा केही परिवर्तन आएन । हामीले उठाएका जातीय, भाषिक र साँस्कृतिक विभेदका मुद्दाहरू राज्यको साझा मुद्दा बन्नु पर्दथ्यो, त्यसो भएन । राष्ट्र निर्माणको क्रममा गरिएको हाम्रो योगदानलाई कदर गरिएन । यस्तो नाजुक परिस्थितिमा तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको आगामि भूमिका के हुने हो, गहिरोसंग केलाउनु पर्ने आजको आवश्यकता भएको छ ।

तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद सम्पूर्ण गुरुङहरूको साझा संस्था भएकोले यस संस्थाको भूमिका विभिन्न राजनीतिक दलहरूमा रहनु भएका र स्वतन्त्र गुरुङहरूको वीचमा संयोजनकारी नै हुनेछ । कालीगण्डकीदेखि बुढी गण्डकीभित्रका गोरखा, लमजुङ, तनहुँ, कास्की स्याङ्जा, पर्वत, मनाङ र मुस्ताङ जिल्लाहरूमा आदिमकाल देखि बसोवास गर्दै आएको भएपनि पनि हाल मुलुकभर छरिएर रहेका छन् । कालीगण्डकीदेखि बुढिगण्डकीसम्मका भू-भाग गुरुङहरूको आदिम पूर्ख्यौली भूमी हो । यही थातथलोको

आधारमा तमूवान स्वायत्त प्रदेशको भौगोलिक सिमाना कायम गरिनु पर्ने र संविधानमा लिपिवद्ध होस भनेका थियौं । जारी संविधानमा व्यवस्था गरिएको प्रदेश नं ४ को सिमाङ्कन तमूवान प्रदेशसंग मिल्न गएको छ, भनौ तमूवान प्रदेशलाई त्यही ४ नं. प्रदेशमा मिसाई दिएको छ । प्रदेश नं. ४ को सिमा क्षेत्र भूगोल बढाएर, खस-आर्य लगायत अन्य जातजातिसंग मिसाईएको छ । संविधान संसोधनको नाउँमा साविकको यो प्रदेस नं. ४ मा ५ नं. का केही भूभाग मिसाउने व्यापक हल्ला छ । प्रदेस नं. ४ हाम्रो थातथलो भएको भूभाग भन्दा बढी जिल्लाहरू समेटिएका छन् । यसले गर्दा, अव हामीले प्रतिनिधित्व गर्ने प्रतिशत घट्दो छ । सरल अर्थमा कुनैपनि कुरा कम हुनु भन्दा बढी हुनु राम्रो मानिन्छ तर त्यो हाम्रो सन्दर्भमा मेल खादैन । जति जति भूभाग बढ्दै गयो उति उति समग्र/कूल जनसंख्या पनि बढ्दै जान्छ । जति जति जनसंख्या बढ्दै गयो उति उति हामी गुरुङ समुदायको उपस्थिति प्रतिशत घट्दै जान्छ । जति उपस्थिति प्रतिशत घट्दै जान्छ उति हाम्रो प्रतिनिधित्व गर्ने सम्भावना घट्दै जान्छ, हाम्रो आवाज, माग फितलो र झिनो हुँदै जान्छ र राज्यले अबका दिनमा तमूवान घोषणा गर्न जटील परिस्थिती निर्माण हुँदै गएको छ । नेपालको जारी संविधानमा प्रदेशको नामाङ्कन र सिमाङ्कन प्रादेशिकसभालाई जिम्मा दिने भनियो । केन्द्रीय तहबाट संविधानमा नै प्रदेशको नामाङ्कन र सिमाङ्कन उल्लेख गर्नु पर्नेमा हाम्रो मागलाई तल्लो तहमा सारियो । गुरुङ समुदायको थातथलो, पहिचान, ईतिहासका हिसाबले नभई विशुद्ध भूगोलको आधारमा प्रदेशको सिमाङ्कन र नामाङ्कन गर्ने योजना हाम्रो प्रतिकुल देखिन्छ ।

नेपालका विभिन्न राजनीतिक पार्टीहरूले विगत देखि वर्तमानसम्म गुरुङ समुदायलाई उनीहरूको स्वार्थका लागि प्रयोग गर्दै आइरहेको अवस्था कहीँकतै लुकेको छैन । हाम्रो तमू एकतालाई कमजोर बनाउनका निम्ति विभिन्न राजनीतिक पार्टीहरू हाम्रो जस्तो जातीय सामाजिक संस्थामा “फुटाउ र शासन गर” को नीति लिएर अनेकौं नकारात्मक प्रयासहरू गरिरहेको देख्न सकिन्छ । तमूवानको आन्दोलनलाई विभिन्न दलका माध्यमले नियन्त्रण गर्न खोजिँदै छन् । हामीले राजनैतिक दलीय प्रभावबाट हाम्रो संस्थालाई बचाउन सकेनौ भने स्थापनाकालदेखि नै संस्थाले लिएका उदेश्यहरू पुरा गर्न सक्दैनौ । त्यसैगरी, बीचबिचमा देखिने अराजक अलमलबाट बच्न सकिएन, पार्टी भन्दा जाति ठूलो भन्ने भावनाको विकास गर्न सकिएन, विश्वभरका हामी गुरुङ समान एक हौं भन्ने सत्य-तथ्य भावनात्मक विकास गर्न सकिएन भने सम्पूर्ण गुरुङहरू एक हौं भन्ने नाराले सार्थक रुप लिन सक्ने अवस्था छैन । त्यसैले हामी समयमा नै सचेत हुनु पर्ने भएको छ । यसबाट मुक्त गर्न के गर्नु पर्ने हो यो महाधिवेशनबाट स्पष्ट दिशा निर्दिष्ट गर्न आवश्यक छ ।

हाम्रै समुदाय भित्रका विभिन्न उद्धेश्य बोकेका संस्कार-सांस्कृतिक अतिवादहरूले “त्यसो गर्न हुँदैन र यसो गर्नु पर्छ”, “क” होइन “ख” अक्षर हो, आदि भ्रमहरू सृजना गरेर गुरुङ समुदायका सामान्य सदस्यहरूलाई अलमल्याउने प्रपञ्च उठाईरहेको पाइन्छ । हाम्रो जस्तो लिखित ईतिहास र लिखित ऐतिहासिक दस्तावेज कम भएको अवस्थामा हेर्दा मसिनो देखिने स-साना विविधता र फरकपनका विषयहरूले पनि हामी बीचको तमू एकतालाई कमजोर बनाउने प्रयास भएकोमा हामी समयमा नै सचेत हुनु पर्ने देखिन्छ ।

तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद एउटा नितान्त सामाजिक काम गर्ने अधिकारमुखी थलो हो अथवा गुरुङ समुदायका लागि स्वयंसेवी योगदान दिने थलो हो । यसमा रहँदा आफ्नो तजविचले र आफ्नो व्यक्तिगत कामबाट समय निकालेर संस्थालाई दिने हो भन्ने बुझाई अहिलेसम्म पनि यथावत रहेकोमा अब यसबाट केही माथि उठ्न जरुरी देखिन्छ । मुलुकमा देखिएको राजनैतिक, आर्थिक एवं सामाजिक अस्थिरता वा तरलता, राजनैतिक संक्रमणकालको अवस्था अनुसार वर्तमान समयको मागलाई ध्यान दिएर संस्थालाई अगाडि बढाउनु पर्ने भएको छ । प्रत्येक पदाधिकारी/सदस्यहरूले कम्तिमा हप्ता वा महिनामा तोकिएको केही दिन संस्थाका लागि भनेर छुट्टयाउनु पर्ने देखिन्छ । प्रतिवद्धता जाहेर गर्नुपर्ने देखिन्छ । संस्थाका लागि पुर्णकालिन नभए पनि तोकिएको समय दिन सक्ने सदस्यहरू तयार गर्नु पर्ने, चयन गर्नु पर्ने आवश्यकता देखिएको छ । समयको माग अनुसार चल्ने जुझारु नेता, पदाधिकारी तथा सदस्यहरू तयार पारेर संस्थालाई अगाडि बढाउनु पर्ने भएको छ । यसको निम्ति शिक्षित, सचेत एवं जोशिला व्यक्तित्वहरूलाई संस्थाको जिम्मेवारी दिन आवश्यक देखिन्छ । नभए हामीले राज्यबाट अधिकारहरू खोसेर लिने भन्ने कुरा असम्भव

प्रायः देखिन्छ । त्यसैले, माथि उल्लेख गरिएका विषयहरूलाई गम्भिरतापूर्वक लिन र विश्लेषण गर्नका लागि सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरूमा हार्दिक अनुरोध गरिएको छ ।

**भाषा तथा लिपि सम्बन्धमा** : तमू (गुरुङ)हरूको आफनै मौलिक भाषा, संस्कृति र परम्परा छ । राज्यको नीतिले गर्दा हाम्रो धर्म, संस्कार संस्कृतिमा एकरुपता छैन । भौगोलिक कारणले पनि विविधता देखिएको छ । संघीय गणतन्त्र नेपालमा एउटै खस नेपाली भाषालाई मात्रै सरकारी भाषाको मान्यता दिइएको छ । प्रत्येक नागरिकले आफ्नो मातृभाषामा अभिब्यक्त गर्न पाउनु पर्दछ भनेर मौलिक हक अधिकारमा उल्लेख भएपनि सो व्यवहारमा लागु छैन । भाषिक समानता लोकतन्त्रको न्युनतम आधार हो भन्ने तथ्यलाई समेत ध्यान दिइएको छैन । हामी तमू (गुरुङ)हरू बीच बोलिने भाषालाई 'तमू क्यूई' भनिन्छ । यस भाषाको प्रयोगमा आधार र जरो एउटै भएपनि बोल्दा र बोल्ने लबज शैलीमा विविधता छ । तमू क्यूईको प्रयोग तानमा आधारित भएकोले एउटै बस्तुको लागि फरक फरक स्थानमा फरक फरक नामले बुझिन्छ । तमूवान प्रदेशका गुरुङहरूको भाषालाई सरकारी (सरकारी कार्यालय, सञ्चार माध्यम र अदालत) कामकाजको भाषाको रुपमा प्रयोग हुनु पर्ने भनेर हामीले आवाज उठाउँदै आएका हौं । गुरुङहरूको प्ये ताँ ल्हु ताँ (संस्कार, संस्कृति) मा आधारित पाठ्यक्रम विकास गरी ऐच्छिक रुपमा प्राथमिक तहदेखि उच्चशिक्षासम्म मातृभाषामा शिक्षा लिन पाउने मौलिक अधिकारको व्यवस्था संविधानमै हुनु पर्ने भनेर भन्दै आएका छौं तर जारी संविधानमा हाम्रो माग सम्बोधन गरिएन ।

हाम्रो तमू मातृभाषाको आफ्नै लिपि हालसम्म पनि यही हो भन्ने किटान गर्न सकिएको छैन । अवस्य नै तमू (गुरुङ) भाषा लिपिवद्ध नभएको हुनाले ऐतिहासिक खोजमा धेरै कठीनाई छ (डा.हर्क) । लिपिका सम्बन्धमा तत्कालिन तमू छोंज धींको प्रथम महाधिवेशन २०५२ सालमा खेमा लिपिलाई प्रस्तावित लिपि र रोमन लिपिलाई माध्यम लिपि भनेर विधानमा ब्यवस्था गरेको छ । खेमा लिपिलाई छिमेकी राष्ट्र भारतमा समेत बैधानिक रुपमा व्यापक रुपले प्रयोग गरिरहेको अवस्थाका साथै उच्चशिक्षा तहसम्म पाठ्यक्रम निर्माणसम्मको अवस्थामा पुगेको छ । साथै, नेपाल भित्र पनि केहि स्थानमा खेमा लिपीबाट शिक्षण कार्य समेत भइरहेको अवस्था छ ।  अर्कोतिर रोमन लिपी लगायतका अन्य लिपीको चर्चा भएपनि आम तमूहरूमाँझमा यसको कुनै प्रयोग र व्यवहारमा अनुसरण गरेको अवस्था भने देखिदैन । तसर्थ, यो महाधिवेशनले तमू समुदायको एक मात्र लिपीको रुपमा खेमा लिपीलाई आधिकारिता दिनका लागि नीतिगत रुपमा निर्णय गरी अगाडि बढ्नु पर्दछ । तत्पश्चात भाषाविद, लिपिविदहरूबीचमा खेमा लिपीको प्राविधिक कार्य सम्पन्न गरी अन्तर्राष्ट्रिय तमू भेला/सम्मेलनबाट घोषणा गर्ने कार्य गर्नु अति आवश्यक भएको छ ।

**धर्म, संस्कार सम्बन्धमा** : "प्ये म्हस्या छ्या म्हमु, छ्या म्हस्या ल्हु म्हमु, ल्हु म्हस्या म्ही म्हमु" (शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए मानव जातिको अस्तित्व नै हराउँछ) भन्ने मूलमन्त्रलाई सार्थकता कसरी दिने हो, यसलाई ब्यवहारमा कसरी उतार्ने हो भन्ने हामीमा चेतना आएको छ । तमू (गुरुङ) समुदाय नेपालको मूल बासिन्दा भएकोले हाम्रो विशेष छुट्टै आफ्नो मौलिक संस्कार, संस्कृति रहेको छ । प्राकृतिक नियम अनुसार मानवीय जीवनशैली चल्ने, आफ्ना पुर्खा/पितृहरू प्रति सम्मान र सदभाव राख्ने हाम्रो संस्कार रहेको छ । आकाश, पृथ्वी, जल, जमिन, जङ्गल, नदी-नाला, ताल तलैया, कुल कुलयन जस्ता प्राकृतिक श्रोत र शक्तिप्रति आस्था राख्ने हाम्रो संस्कार छ । धर्म, संस्कार संस्कृति भनेको समाजको विश्वास, मूल्य र मान्यताको आधार हो तर हाम्रो संस्कार संस्कृति विस्तारै लोप हुने अवस्थामा पुगेको छ । शासकहरूले हिन्दु धर्ममा आधारित संस्कार-संस्कृतिलाई मात्रै विशेष महत्व दिएको र अन्यलाई विभेद गरेकै कारणले त्यसो भएको सर्बविदितै छ । गुरुङ समुदायको साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन राज्यबाट हुनु पर्ने, तर भएको छैन । यसरी नै पश्चिमी सभ्यता, संस्कृतिको अनुसरण गरि आफुलाई सभ्य र आधुनिक मान्ने सोंचका साथै विदेशी धर्मले संचालन गरेको धर्म परिवर्तनको मिसनले समेत हाम्रो संस्कार संस्कृति भत्काउने कार्य गरेको छ । यसप्रति हामी सचेत भई धर्मनिरपेक्षताको गलत रुपमा प्रयोग गरी धर्म परिवर्तन गराउने कार्य र समुहलाई रोक्न हाम्रो समुदायलाई गोलबन्द गरिनु पर्दछ ।

हामी संस्कार, संस्कृतिलाई सभ्यताको मूल रुप मान्छौं र यसैमा ज्ञान, विश्वास, कला, नैतिकता, कानून, परम्परा जस्ता महत्वपूर्ण विषयहरू रहेको ठान्दछौं । साथै, मुलुकको विकट भौगोलिक अवस्था, सञ्चार सम्पर्कको अभावका कारण, समय, परिस्थिति, ठाउँ र ब्यक्ति विशेषका कारण हाम्रो सांस्कृतिक ब्यवहारमा फरकपन वा विविधता देखिनु स्वभाविक छ । र पनि, हाम्रो संस्कार संस्कृति आदरणीय पच्यु, क्ल्हेप्री, लम र पैंडी पुरोहित खेगीहरूको संयोजनमा बनेको छ । तीनैबाट तमू (गुरुङ)हरूको संस्कार, संस्कृति आजसम्म ब्यवहारमा ल्याईरहेका छौं । यसलाई थप जीवन्त बनाउन मुलुकभर क्होइँवो, गुम्बा, स्तुपाहरूको स्थापना गराउँदै जानु पर्ने आजको आवश्यकता भएको छ ।

तमू (गुरुङ) समुदायको चाँड पर्वहरू तमू ल्होसार (वर्ग फेरिने), माङी (तमू सात कन्याको सृष्टि), तमू म्ये त्हलैं ज्योम (धनुष/शिकारी पुजा), तमू फूँ ताँ स्वोँ ताँ (सत्य तीन संस्कारको सृजना एवं संविधान पर्व), साँ क्ये मणी त्हैं (सृष्टी/सृजना दिवस), तमू क्होल सोँ प्रे ट्हो स्थापना दिवस, ट्हो त्हैं (जगतको पुजा/शुद्ध शान्तिगर्ने), वुद्ध जयन्ति आदि बारे परिचयात्मक कार्यक्रमहरू गर्ने, ब्यापक जनचेतना जगाउने एवं विविध कार्यक्रमहरू आयोजना गर्दै जाने एवं यी पर्वहरू राष्ट्रब्यापि रुपमा मनाउन अति आवश्यक देखिएको छ । हामी आफ्नो जातिको मौलिक संस्कार, संस्कृति र ईतिहास आफै लेख्नु पर्दछ, संरक्षण र सम्बर्द्धन गर्नु पर्दछ, अरुको भर परेर हुँदैन (डा.हर्क गुरुङ) भन्ने तर्फ लागौं ।

**तमू सार्क सम्मेलन सम्बन्धमा** : तमू (गुरुङ) हरुको प्रथम ऐतिहासिक तमू सार्क सम्मेलन २०७३ कार्तिक ७ र ८ गते धरानमा भव्यताका साथ सम्पन्न गरिएको छ । “सम्पूर्ण तमू (गुरुङ)हरुको आव्हान ! एकता, अस्तित्व र पहिचानका लागि प्रथम तमू सार्क सम्मेलन !!” भन्ने मूल नाराका साथ सम्पन्न दक्षिण एशीयाली मूलुकहरु नेपालसहित भारत र भुटानबाट तमूहरुको सहभागिता भएको थियो । तमू समुदायको साझा एवं छाता संस्था तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको आयोजनामा सम्पन्न सम्मेलनको उद्घाटन उपराष्ट्रपति नन्दबहादुर पुनबाट भयो । उद्घाटन शत्रमा माननीय श्रम तथा रोजगार मन्त्री सुर्यमान गुरुङको विशेष उपस्थिति रहेको थियो । सो सम्मेलनमा ६१ जिल्ला समितिका प्रतिनिधीहरु, भातृसंस्था, बिशेष सदस्य संगठन तथा आबद्ध तमू संघ-संस्थाका प्रतिनिधिहरु, संस्थाका संरक्षक, सल्लाहकार तथा निर्देशन तथा अनुगमन समितिका सदस्यहरुको उपस्थिति रहको थियो । उक्त कार्यक्रममा भारतबाट सर्वभारतीय गुरुङ संगठन, अखिल भारतीय गुरुङ (तमू) बौद्ध संघलगायत सिक्किम, पश्चिम बंगाल, उत्तर प्रदेश, दिल्ली, नागाल्याण्ड, आसाम लगायतका प्रदेशका प्रतिनिधीहरुको सहभागिता रहको थियो । त्यस्तै भुटानबाट तमू छोंज धीं भुटानका प्रतिनिधीहरु, तमू ट्हो ह्युल हङकङ, तमू धीं यूके, तमू समाज कतारबाट पर्यवेक्षकको रुपमा सहभागिता रहको थियो । सम्मेलनको दोस्रो दिन एकता, पहिचान र अस्तित्वलाई आधार बनाई चार चरणमा कार्याशााला गरिएको थियो । कार्याशालाबाट भूगोलको हिसाबले हामी तमू (गुरुङ) विभिन्न मुलुकमा रहेपनि भावनात्मक रुपमा हामी तमू एक हौं, नेपालको कालीगण्डकीदेखि बुढिगण्डकीसम्मका भू-भागहरु तमूवान भूमि हो भनी बोध गर्न र विभिन्न देशमा रहेका तमू संघ-संस्थाबीचमा एकताका लागि कार्यविधी र अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गरिएको छ । यस सम्मेलनबाट तमू जातिको मातृभाषालाई संरक्षण गर्न र तमू जातिको साँस्कृतिक पहिचान, परम्परागत मूल्य र मान्यतालाई संरक्षण गर्न थप बल पुगेको छ । सम्मेलनको अन्तमा १९ बुँदे घोषणापत्र जारी गरिएको थियो । सम्मेलनको लागि वरिष्ठ उपाध्यक्ष भद्रमान गुरुङको संयोजकत्वमा १०१ सदस्यीय मूल व्यवस्थापन समिति र संगठन सचिव श्री डम्बरबहादुर गुरुङ प्रमुख रहेको सचिवालय गठन गरी ऐतिहासिक रुपमा सम्पन्न गरिएको थियो ।

**ऐतिहासिक तमू संग्रहालय तथा केन्द्रीय कार्यालय भवन सम्बन्धमा** : देश विदेशमा रहेका सम्पूर्ण गुरुङहरूको मानसिक, भौतिक र आर्थिक सहयोगबाट निर्माण कार्य सम्पन्न भई पूर्व राष्ट्रपति डा.रामबरण यादवबाट गत मंसीर ४ गते भव्य समारोहका बीच उद्घाटन भएको छ । देश विदेशका सम्पूर्ण गुरुङहरूको व्यक्तिगत तथा समुदायगत आर्थिक सहयोगबाट सम्पन्न यो भवन हामी सम्पूर्ण गुरुङहरूकै ऐतिहासिक राष्ट्रिय सम्पदाको रुपमा रहेको छ । यो संग्रहालय भवन मात्र नभएर सवैको साझा थलो अथवा तमू एकताको प्रतिक भएकोछ । तमू एकताको मूल मर्मलाई आत्मसात गर्दै भवनको निर्माण कार्यमा देशविदेशमा रहेका गुरुङ समुदायका सम्पूर्ण व्यक्तित्वहरू, जिल्ला समिति, संघ संस्थाहरू, पेशागत संस्थाहरू, भातृ/भगिनी संस्थाहरूका साथै

नेपाल सरकारको पनि भवन निर्माण सम्पन्न गर्नमा आर्थिक सहयोग भएको छ। सम्पूर्ण गुरुङहरूको अपनत्व कायम होस भनी २०५९/०६० सालबाट १० रुपैयाँ आर्थिक सहयोग सङ्कलन अभियान शुरु गरिएको थियो। यसै क्रममा व्यक्तिगत रुपमा सवभन्दा बढी आर्थिक सहयोग एघार लाख छत्तिस हजारसम्म प्राप्त भएको छ। पाँच लाख भन्दा बढी सहयोग दिने ६ जना, एक लाख देखि पाँच लाखसम्म ६४ जना र दुईहजार एक देखि एक लाख रुपैयाँ सम्म ८२३ जना आर्थिक सहयोग गर्नेहरूको शिलालेखिकरण गरिएको छ। एक लाख भन्दा बढी आर्थिक सहयोग दिनेहरूको सम्मान स्वरुप संग्रहालय कोठामा फोटो राखिएको छ। यस भवनको निर्माणमा तमू ल्होसार मूल आयोजक समितिबाट पन्ध्र लाख आर्थिक सहयोग प्राप्त भएको छ। नेपाल सरकारको तर्फबाट पैंतालिस लाख सहयोग प्राप्त भएको छ। त्यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट तीस लाख आर्थिक सहयोग प्राप्त भएको छ। साथै, आर्थिक पारदर्शिताका लागि हाल सम्म रु. १० देखि बढी दिने दाताहरूको नामावली पुस्तिका चार पटक प्रकाशन र वितरण गरिएको छ। प्रारम्भकालमा यसको लागत इष्टिमेट दुई करोड पचास लाख अनुमान गरिएकोमा तीन करोड सत्र लाख खर्च भईसकेको हिसाब अभिलेख गरिएको छ। प्रत्येक आर्थिक वर्ष आम्दानी खर्चको लेखा परीक्षण गर्ने गरिएको छ। यसरी सम्पूर्ण गुरुङहरूको सहयोग र नेपाल सरकारको पनि अनुदान सहयोग भएकोले यसलाई राज्यकोषबाट नियमित आर्थिक सहयोग हुनु पर्दछ भन्ने हामी गुरुङ समुदायको माग हो। अब, चौथौ तल्लामा रहेको ऐतिहासिक तमू संग्रहालयलाई जिवन्त बनाएर सम्पन्न गर्नु पर्ने अभिभारा हाम्रो काँधमा आएको छ।

### ख) संस्थाको सांगठनिक प्रतिवेदन

श्रद्धेय अध्यक्षज्यू तथा प्रतिनिधि मित्रहरू, अब म संस्थाको सांगठनिक प्रतिवेदन प्रस्तुति गर्ने अनुमति माग्दछु।

**बैठक सम्बन्धी विबरण**

| कार्यक्रमहरु | पूर्ण नियमित | पदाधिकारी | सचिवालय | अनौपचारिक | जम्मा |
|---|---|---|---|---|---|
| प्रथम पार्षदसभा-२०७०, फाल्गुण २४-२५ गते, रामबाच्छा, वालिङनगरपालिका-८, स्याङजा | ५ | ० | ३ | ११ | १९ |
| द्धित्तीय पार्षदसभा-२०७२ फाल्गुण २८ र २९, भरतपुर, चितवन | ५ | ६ | ० | १२ | २३ |
| तेश्रो महाधिवेशन-२०७३ माघ २२, २३ र २४, कावासोती, नवलपरासी | ६ | ४ | ० | ६ | १५ |

**कार्यक्रमहरू :**

- २०७३ श्रावण २५ गते २२ औं विश्व आदिवासी जनजाति दिवस भृकुटी मण्डप देखि प्रज्ञा भवन कमलादि सम्मको बृहत झाँकी ऱ्यालीमा तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको पदाधिकारी, सदस्य एवं संस्थाको आव्हानमा काठमाण्डौं स्थित विभिन्न संघ-संस्थाहरूबाट उल्लेखनीय र सकृय सहभागिता रहेको थियो।
- २०७३ भाद्र २५ गते क्षेत्र नं. १., अश्विन ११ गते क्षेत्र नं. ३ को प्रादेशिक भेला सम्पन्न गरिएको छ।
- २०७३ कार्त्तिक ७ र ८ गते नेपालका उपराष्ट्रपति सम्माननीय नन्दबहादुर पुन "पासाङ" द्धारा समुदघाटन भएको ऐतिहासिक प्रथम तमू सार्क सम्मेलन सफलतापुर्वक दशौं हजारको तमू (गुरुङ) हरूको समुपस्थितिमा सम्पन्न गरियो। उक्त सममेलनमा नेपाल, भारत र भुटानबाट हजारौं तमू (गुरुङ) हरूको पनि सहभगिता रहेको थियो।
- २०७३ मंसीर ४ गते तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको केन्द्रीय भवन तथा तमू संग्रहालय भवन प्रथम गणतान्त्रिक पुर्व राष्ट्रपति सम्माननीय डा. रामबरण यादवबाट हजारौं तमू (गुरुङ) हरूको समुपस्थितिमा समुद्घाटन कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा भवन निर्माणको क्रममा आर्थिक सहयोग गर्ने दाताहरू ५ लाख भन्दा बढी प्रदान गर्ने ९ जना, १ देखि ५ लाख प्रदान गर्ने ६४ जना, ५० हजार देखि १ लाख प्रदान गर्ने ३९ जना, २५ देखि ५० हजार प्रदान गर्ने ५५ जना, १० देखि २५ हजार सम्म २१३ जना र २ हजार देखि १० हजार सम्म प्रदान गर्ने ५१६ जनाको विशेष सम्मान तथा कदरपत्र र प्रशांसपत्रहरू वितरण गरिएको थियो। वहाँहरूको नाम शिलालेखिकरण गरी

सवैले देखिने गरी भित्तामा टाँस गरिएको र रु.१० देखि २ हजार सम्म सहयोग गर्ने दाताहरूको नामावली अभिलेखिकरण गरी चौथो संस्करणको पुस्तिकामा प्रकाशन गरी वितरण गरिएको छ ।

**श्रद्धाञ्जली/स्मृतिसभाहरू :**

- २०७३ श्रावण ११ गते स्व.डा. रेमबहादुर गुरुङको छैठौं स्मृतिसभा तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद नवलपरासीको व्यवस्थापन र केन्द्रको आयोजनामा आमासमूह भवन, कावासोती, नवलपरासीमा सम्पन्न भयो ।
- २०७३ भाद्र १ गते तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको पूर्व अध्यक्ष स्व.प्रा.सन्तबहादुर गुरुङको छैठौं स्मृतिसभा केन्द्रीय कार्यालय भवनमा सम्पन्न गरियो । कार्यक्रममा प्रा.गुरुङको परिवार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सुशासन तथा विकास प्रतिष्ठान तथा थमन होस्टेल देहरादुन देखि नेपाल सम्म साथ-साथ रहेका वहाँको समकक्षीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।
- २०७३ मंसीर ९ गते स्व.श्रीप्रसाद गुरुङको स्मृति दिवस तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद कास्की जिल्लाको व्यवस्थापनमा पोखरा, कास्कीमा सम्पन्न भयो ।

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा भाषा कक्षा प्रशिक्षण सम्बन्धमा :**

| क्र.स. | विवरण | स्थान | भाषा कक्षा सञ्चालन जिल्ला |
|---|---|---|---|
| ०१ | आर्थिक वर्ष २०७०/०७१ | ७ | सुनसरी, ईलाम, ताप्लेजुङ, संखुवासभा, धादिङ, सिन्धुली, नवलपरासी |
| ०२ | आर्थिक वर्ष २०७१/०७२ | ४ | झापा, गोरखा, धादिङ, चितवन |
| ०३ | आर्थिक वर्ष २०७२/०७३ | ४ | गोरखा, धादिङ, रौतहट, बारा |
| ०४ | आर्थिक वर्ष २०७३/०७४ | ३ | दाङ, खोटाङ, पाँचथर |

**जिल्ला अधिवेशनहरू :**

| क्र.स | नम | मिति | कैफियत |
|---|---|---|---|
| १ | डडेलधुरा | २०७३/०९/०९ | तत्कालिन गुरुङ (तमु) समाज डडेलधुरालाई हाम्रो संस्थामा समाहित गरी श्री बलबहादुर गुरुङको अध्यक्षतामा ११ सदस्य कार्यसमिति गठन |
| २ | सोलुखुम्बु | २०७३/०९/११ | श्री बिरबहादुर गुरुङको अध्यक्षतामा ०९ सदस्य तदर्थ समिति गठन |
| ३ | कपिलवस्तु | २०७३/०९/१२ | श्री कृष्णबहादुर गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| ४ | धादिङ्ग | २०७३/०१/१८ | श्री गोपाल बहादुर गुरुङको अध्यक्षतामा २१ सदस्य कार्यसमिति गठन |
| ५ | रामेछाप | २०७३/०१/२१ | श्री ज्ञानबहादुर गुरुङको अध्यक्षतामा १४ सदस्य कार्य समिति गठन |
| ६ | काभ्रे | २०७३/०२/१५ | श्री कुलबहादुर गुरुङको अध्यक्षतामा ९ जना कार्यसमिति गठन |
| ७ | चितवन | २०७३/०७/२७ | श्री गणेशबहादुर गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| ८ | ओखलढुङ्ग | २०७३/०७/२८ | श्री सुदर्शन गुरुङको अध्यक्षतामा ९ जना कार्यसमिति गठन |
| ९ | काठमाण्डौं | २०७३/०८/११ | श्री लोकबहादुर गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| १० | मकवानपुर | २०७३/०८/१८ | श्री जंगबहादुर गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| ११ | तेह्रथुम | २०७३/०८/२८ | श्री धिरेन गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| १२ | मोरङ | २०७१/११/०९ | श्री मनकुमार गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| १३ | झापा | २०७०/०२/२५ | श्री आनन्द गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| १४ | भोजपुर | २०७१/०८/२४, २५ | श्री डम्बर घले गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| १५ | रुपन्देही | २०७१/०५/१५ | श्री सुर्यलाल गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| १६ | ताप्लेजुङ | २०७१/०८/२९ | श्री एम.बि लामा गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| १७ | संखुवासभा | २०७१/०९/२५-२६ | श्री मित्रकुमार गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| १८ | खोटाङ | २०७१/०९/२६ | श्री खगेन्द्र गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |
| १९ | नवलपरासी | २०७१/११/२९-३० | श्री बुद्धिबहादुर गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २० | रोल्पा | २०७२/०५/२५ | श्री हिरा घलेको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |

| | | | |
|---|---|---|---|
| २१ | पाँचथर | २०७२/०६/०९ | श्री लक्ष्मण गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २२ | सुनसरी | २०७२/१०/१६ | श्री बकसमान गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २३ | तनहुँ | २०७२/११/७-८ | श्री रगबहादुर गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २४ | म्याग्दी | २०७२/११/१५ | श्री चक्रबहादुर गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २५ | रसुवा | २०६९/११/१९ | श्री तिर्थबहादुर गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २६ | स्याङ्जा | २०७०/०१/१४-१५ | श्री पदमराज गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २७ | ईलाम | २०७०/०९/१३-१४ | श्री उमेश गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |
| २८ | लमजुङ |  | श्री ठाकुरप्रसाद गुरुङको अध्यक्षतामा २१ जना कार्यसमिति गठन |

**संघ संस्थाहरूका अधिवेशन**

| **क्र.स** | **नम** | **मिति** | **कैफियत** |
|---|---|---|---|
| १ | नव वुद्ध गुरुङ सेवा समितिको १३औं साधारणसभा तथा महाधिवेशन सम्पन्न | २०७०/०४/१९ | श्री कृष्णबहादुर गुरुङको अध्यक्षतामा १५ जनाको कार्यसमिति गठन। |
| २ | सम्पूर्ण तमू समाजको साधरण सभा सम्पन्न | २०७३/०४/२० | श्री गणेशबहादुर गुरुङको अध्यक्षतामा १७ जनाको कार्यसमिति गठन। |
| ३ | खोटाङ्ग गुरुङ सेवा समितिको साधरणसभा सम्पन्न | २०७३/०८/१४ | श्री कर्णबहादुर घलेको अध्यक्षतामा १५ जनाको कार्यसमिति गठन। |
| ४ | सातमुहाने देउराली तमू समाजको साधरणसभा सम्पन्न | २०७२/०६/२९ | श्री भोगेन्द्र गुरुङको अध्यक्षतामा १५ जनाको कार्यसमिति गठन। |
| ५ | गुरुङ महिलाहरुको दोस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न | २०७०/११/१०-१२ | श्री भगवती गुरुङको अध्यक्षतामा १५ जना कार्यसमिति गठन |
| ६ | तमू (गुरुङ) समाज तनहुँ काठमाण्डौं छैठौं अधिवेशन | २०७३/०७/१३ | श्री गंगाराम गुरुङको अध्यक्षतामा १५ जना कार्यसमिति गठन |
| ७ | राजधानी गुरुङ सेवा समिति काठमाण्डौ, नेपाल | २०७३/०९/०७ | श्री हरिबहादुर गुरुङको अध्यक्षतामा १६ जना कार्यसमिति गठन |
| ८ | संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं | २०७३/०४/०७ | श्री ताराकुमारी गुरुङको अध्यक्षतामा १७ जना कार्यसमिति गठन |

**संस्थागत विकास सम्बन्धमा** : श्रद्धेय अध्यक्षज्यू तथा प्रतिनिधि मित्रहरू, संस्थागत विकासक्रममा अपर्नाइएका केही संस्थागत प्रणालीहरू प्रस्तुत गर्न चहान्छु :

- महाधिवेशन सर्वोच्च अङ्ग हुनेछ। यसको अधिनमा पार्षदसभा र केन्द्रीय समिति रहेका छन्।
- सम्पूर्ण समिति र सदस्यहरू संगठनको विधानको अधिनमा रहेका छन्।
- संस्थाको नीति-कार्यक्रम, विधान संसोधन र नेतृत्व सम्बन्धी कार्यक्रम छुट्टाछुटै समयमा छलफल गर्ने र निर्णय लिने प्रक्रिया स्थापित गरिएको छ।
- गाउँ/नगर तह, भातृ-भगिनी संस्थाहरू, जिल्ला समितिहरू केन्द्रीय समितिको मातहतमा रहेका छन्।
- अल्पमतको कदर भएको छ तर अल्पमत बहुमतको अधिनमा रहनेछ।
- संस्थामा स्वतन्त्र अनुशासन प्रकृया अभिन्नरुपमा जोडिएको हुनेछ।
- सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको पद्दति अंगिकार गरिएको छ।
- संगठनको गोपनियता र अनुशासन कडाईकासाथ पालना गरिने छ।
- विभिन्न तहका समितिहरू र आवद्ध संघ-संस्थाहरूबीच अन्तर समन्वय र सद्‌भाव कायम रहेको छ।
- विधानमा व्यवस्था भए अनुसारको उप-समिति गठन गर्ने र निर्दिष्ट काम, कर्तव्य जिम्मेवारी दिने प्रणालीको विकास भएको छ।
- संगठनात्मक आलोचना र आत्मालोचनाको पद्धतिको विकास गरिएको छ।
- संस्थाको उद्देश्य र हित अनुकुलको नीति निर्माण र नीति अनुसारको प्रकृयागत रुपमा नेतृत्व चयनलाई स्थापित गर्न आवश्यक मानिएको छ।

**कार्य विभाजन र जिम्मेवारी** : संस्थाको कार्यक्रमहरू चुस्त दुरुस्त सञ्चालन गर्न, केन्द्रीय कार्यालयलाई अनुगमन गर्न र संस्था सबैको हो भन्ने भावना अनुरुप पदाधिकारी तथा सदस्यहरूमा कार्य विभाजन गरी सबैलाई संस्थाको कार्य प्रति जवाफदेही बनाउन काम, कर्तव्य र अधिकार सहित कार्यविभाजन र जिम्मेवारी बाँडफाँड गरिएको छ । जस अनुसार पुर्वाञ्चलका जिल्लाहरू समन्वय र परिचालन गर्ने, संरक्षक, सल्लाहकार, अनुगमन तथा निर्देशन समिति परिचालन⁄अनुगमन गर्ने जिम्मेवारी बरिष्ठ उपाध्यक्ष भद्रमान गुरुङलाई दिइएको छ । भाषा, लिपि सम्बन्धी कार्यक्रम र मध्यमाञ्चलका जिल्लाहरू परिचालन⁄अनुगमन गर्न उपाध्यक्ष कर्णबहादुर गुरुङ, धर्म, संस्कार, संस्कृति सम्बन्धी कार्यक्रम परिचालन⁄अनुगमन गर्न र अनुसुचि ७ अन्तरगत संघ-संस्थाको परिचालन⁄अनुगमन गर्न उपाध्यक्ष आर.बी.तमू एवं पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चलका जिल्लाहरू परिचालन⁄अनुगमन गर्न एवं महिला सम्बन्धी कार्यक्रम परिचालन⁄अनुगमन गर्न उपाध्यक्ष माया गुरुङलाई जिम्मेवारी दिइएको छ । त्यसैगरी आदिवासी जनजाति महासंघले आव्हान गरेका सम्पूर्ण कार्यक्रमहरू परिचालन⁄अनुगमन गर्न महासचिव धनमान गुरुङ र आदिवासी जनजाति राष्ट्रिय कार्यक्रमहरू, आन्दोलन परिचालन र अनुगमन गर्न उप-महासचिव श्री नरबहादुर गुरुङलाई जिम्मेवारी दिईएको छ ।

**उप-समितिहरू** : विभिन्न समयमा संस्थामा आईपरेका कार्यहरू सुमधुर र सहजताका साथ समयमा सम्पन्न गर्न विभिन्न उप-समितिहरू गठन गरी सो ही अनुसारका जिम्मेवारीहरू दिइएका छन् ।

- तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको केन्द्रीय कार्य समितिको दोश्रो पूर्ण वैठकको निर्णय अनुसार विशेष सदस्य संस्थाहरू तमू धीं नेपाल र वौद्ध अर्घौं सदनलाई हाम्रो संस्थासँग आवद्धता गर्नका लागि संस्थाको तर्फबाट केन्द्रीय सदस्य पूर्व आई.जि.पि.श्री हेमबहादुर गुरुङको संयोजकत्वमा दलबहादुर गुरुङ, अध्यक्ष, तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद कास्की जिल्ला, चेतबहादुर गुरुङ, सचिब, तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद कास्की जिल्ला, धर्मबहादुर गुरुङ, आईबहादुर गुरुङ सदस्य रहेको कार्यदल गठन गरिएको छ ।
- तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदको लमजुङ जिल्ला कार्यसमितिको विवाद समाधान गर्नको लागि उपाध्यक्ष माया गुरुङको संयोजकत्वमा संगठन सचिब डम्बर बहादुर गुरुङ र पश्चिमाञ्चल प्रमुख ले. यमबहादुर गुरुङ रहेको ३ सदस्यीय कार्यदल गठन गरिएको छ । सो समस्या जिल्ला तहमा नै छलफल गरि समाधान भइसकेको छ ।
- अन्तर्राष्ट्रिय तमू सम्मेलन गर्नको लागि आवश्यक कार्यविधि तथा निर्देशिका तयार गरी संस्थामा पेश गर्न महासचिबको संयोजकत्वमा उप-महासचिब नरबहादुर गुरुङ, केन्द्रीय सदस्य एंव विदेश विभाग प्रमुख पूर्व आई.जि.पि श्री हेमबहादुर गुरुङ, तमू संञ्चारकर्मी संघका अध्यक्ष डण्ड गुरुङ र केन्द्रीय सल्लाहकार तथा पैयूँखोला तमू समाजका अध्यक्ष केपी गुरुङ सदस्य रहेको ५ सदस्यीय कार्यदल गठन गरिएको छ ।
- तमू ह्युल युवा छोंज धींको दमौलीमा उद्घाटन सत्र सम्पन्न भएको तर निर्वाचन प्रकृया स्थगित रहेको अवस्थामा उक्त समस्या समाधान गर्नको लागि केन्द्रीय उपाध्यक्ष आर.बि.तमूको संयोजकत्वमा सचिवालय सदस्य जलकुमार गुरुङ, केन्द्रीय सदस्यद्धय राजु गुरुङ, दिल गुरुङ र ओम गुरुङ, नेपाल तमू विद्यार्थी छोंज धीं पूर्व उपाध्यक्ष राम गुरुङ स्याङ्जा सदस्य रहेको कार्यदल गठन गरिएको छ । यस कार्यदलले निर्वाचन समितिको सहयोगमा युवाको दुई पक्षलाई राखी उक्त समस्या समाधान गरि सकेको छ ।
- संसोधित विधान २०६९⁄०७० बमोजिम विधानको अनुसूची ७ मा उल्लेखित काठमाण्डौंमा रहेका संघ-संस्थाहरूबाट १ जना सचिवालय सदस्य र ४ जना केन्द्रीय सदस्यहरू मनोनित गर्न काठमाण्डौ उपत्यका सचिव अधिवक्ता सूर्यबहादुर गुरुङको संयोजकत्वमा केन्द्रीय सदस्यद्धय रिता गुरुङ र लक्ष्मण गुरुङ रहेको कार्यदल गठन गरिएको छ । उक्त कार्यदलले अनुसूची ७ का काठमाण्डौंमा रहेका तमू संघसंस्थाहरूसंग परामर्श र निर्णय गरि सचिवालय सदस्यमा देवकुमारी गुरुङ, सदस्यहरूमा ध्रुव गुरुङ, खगेन्द्र मेघी गुरुङ, विआर गुरुङ, डा. चेतकुमारी गुरुङलाई गरेको सिफारिसलाई केन्द्रीय समितिले अनुमोदन गरियो साथै २०७२ फाल्गुण २७ र २८ गते चितवनमा सम्पन्न संस्थाको दोश्रो

पार्षदसभाद्धारा पारित संस्थाको संघीय संरचना सम्बन्धी विधान संसोधनका लागि तीन महले तयारी उप-समितिका संयोजक उपाध्यक्ष कर्णबहादुर गुरुङको संयोजकत्वमा सदस्यहरू संगठन सचिव डम्बरबहादुर गुरुङ, पूर्वाञ्चल क्षेत्रीय सचिव लक्ष्मी प्रसाद गुरुङ, उपत्यका सचिव अधिवक्ता सुर्यबहादुर गुरुङ र केन्द्रीय सदस्य अधिवक्ता राजु गुरुङ रहेको उप-समिति गठन गरिएको छ । उक्त समितिले पार्षद सभाको निर्णय बमोजिम तीन महले निर्माण गरि सम्बन्धित निकायबाट प्रमाणित गर्ने कार्य सम्पन्न गरिसकेको छ ।

- डा.ओम गुरुङद्धारा नेपाल सरकारलाई बुझाएको आदिवासी जनजाति पुनःर्सुचिकरण प्रतिवेदनको अध्ययन गरी सुझाव पेश गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट गठित सुझाव कार्यदललाई गुरुङ समुदायको सम्पूर्ण उपथरहरू खोज-अनुसन्धान गरी संस्थामा पेश गर्न उपाध्यक्ष आर.बी तमूको संयोजकत्वमा मध्यमाञ्चल सचिव गोपाल गुरुङ-धादिङ र राम गुरुङ-स्याङ्जा सदस्य रहेको कार्यदल गठन गरिएको छ ।

**विभागहरू** : तमू एकता, संस्थाप्रति उत्तरदायी तथा सबैलाई सकृय बनाउन केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको संयोजकत्वमा २०७१ बैशाख २१ गते बसेको सचिवालय वैठकबाट पारित विभिन्न १६ वटा विभागहरू गठन गरिएका छन् र तीनको काम, कर्तब्य र अधिकार विवरण केन्द्रीय महासचिवबाट पेश भई कार्यसमितिले पारित भएपछि जानकारी एवं कार्यर्थ सबै संयोजकहरूलाई वितरण गरिएको छ ।

**अक्षयकोष स्थापना** :

- पुर्व अध्यक्ष स्व.डा.रेमवहादुर गुरुङको स्मृतिमा वहाँको परिवारवाट रु २,०२,५००/- (दुई लाख दुई हजार पाँच सय) को अक्षयकोष स्थापना गर्नुभएको छ ।
- वरिष्ठ उपाध्यक्ष विनोद गुरुङज्यूले वहाँको वुवा स्व. प्रेम गुरुङको स्मृतिमा रु १,२५,०००/-(एक लाख पच्चिस हजार) को स्थापना गर्नु भएको छ ।
- संरक्षक अध्यक्ष शेरवहादुर गुरुङज्यूले वहाँको वुवा मुमाको संझनामा नौली जितवहादुर अक्षयकोष रु १,५०,०००/- ( एक लाख पचास हजार)को स्थापना गर्नु भएको छ ।

**उपलब्धी सम्बन्धमा** : श्रद्धेय अध्यक्षज्यू तथा प्रतिनिधि मित्रहरू, संस्थाबाट भए-गरेका मुख्य उपलब्धीहरू प्रस्तुत गर्न अनुमति माग्दछु ।

- ६२ जिल्लामा संगठन विस्तार भइसकेको ।
- ऐतिहासिक तमू संग्रहालय एवं केन्द्रीय कार्यालय भवन निर्माण सम्पन्न भई उद्घाटन भएको ।
- ऐतिहासिक तमू सार्कस्तरिय प्रथम सम्मेलन २०७३ कार्त्तिक ७ र ८ गते धरानमा सम्पन्न गरिएको ।
- सांगठनिक रुपमा जिल्ला समिति तथा गाउँ/नगर इकाई तहसम्म पुग्न सफल भएको ।
- आादिवासी जनजाति र जातीय पहिचानको आन्दोलनको अग्रमोर्चामा रहेको ।
- पदाधिकारी एवं सदस्यहरूलाई सकृय रहन विभिन्न उप-समितिहरू एवं विभागहरू गठन गरी जिम्मेवारी दिइएको ।
- गुरुङ मातृभाषा कार्यक्रम सञ्चालन गर्न आदिवासी जनजाति उत्थान प्रतिष्ठानबाट निरन्तर आर्थिक सहयोग प्राप्त भई विभिन्न जिल्लामा गुरुङ मातृभाषा कक्षा सञ्चालन सम्पन्न भएको ।
- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान मार्फत सम्पूर्ण गुरुङ समुदायका सदस्यहरूलाई आदिवासी जनजातिको सिफारिस निरन्तर रुपमा प्रदान गर्दै आएको ।
- तोकिएको समयभित्र संस्थाको आन्तरिक लेखा परीक्षण, लेखा परीक्षण एवं समयमा नै संस्था नविकरण नियमित गरिएको ।
- अन्तर्राष्ट्रिय क्षेत्रमा सर्म्पक तथा सम्बन्ध प्रगाढ हुँदै गएको ।

- सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा बार्षिक तमू ल्होसार कार्यक्रम गर्ने पद्धति विकास भएको र ल्होसारको बचत आम्दानीबाट संस्थालाई आर्थिक सहयोग गर्ने गरिएको ।
- भातृ/भगिनी संस्थाहरूलाई आवश्यकता अनुसार संरक्षकत्व, सहयोग र निर्देशन दिईएको ।
- अक्षयकोष स्थापना भई परिचालन भएको ।

**ग) संस्थाको रणनीति तथा भावी कार्यक्रमहरू**

श्रद्धेय अध्यक्षज्यू तथा प्रतिनिधि मित्रहरू, अव म संस्थाको रणनीति तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्न अनुमति माग्दछु :

**पहिचान सम्बन्धी :**

- तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद एक साझा सामाजिक अधिकारमुखी संस्था हो, त्यसैले यसको भूमिका विभिन्न राजनीतिक दलहरूमा रहनु भएका र स्वतन्त्र गुरुङहरूको बीचमा संयोजनकारी नै हुनेछ ।
- गुरुङ मातृभाषा सिकाइलाई विस्तार गर्ने छ ।
- आगामी बर्ष अर्न्तराष्ट्रिय क्षेत्रमा रहेका तमू संघसंस्थाहरूलाई समेत समेटी लिपि सम्मेलन गरी तमू लिपि घोषणा गर्ने रहेको छ ।
- गुरुङहरूको परम्परा, संस्कार र संस्कृतिमा एकरुपता ल्याउनको लागि पैंडी, खेगी तथा च्योँगीहरूको राष्ट्रिय भेला गर्ने रहेको छ ।
- तमुवान प्रदेश भित्र थातथलो खुलेका समुदायहरूबीचको मोर्चाको विकास र प्रबर्द्धन गर्ने रहेको छ । आत्मनिर्णय सहितको तमूवान प्रदेश प्राप्तिका लागि यस संस्थाको नेतृत्वदायी संयोजनकारी भूमिकामा कार्यक्रमहरू र आन्दोलन गर्ने रहेको छ ।
- आदिवासी जनजाति आन्दोलनलाई अझै सशक्त बनाउन र सम्पूर्ण आदिवासी जनजातिहरूको साझा संस्थाको रुपमा कृयाशिल गराउन सहयोगी भूमिका निर्बाह गर्ने रहेको छ ।
- बिभिन्न समयको आन्दोलनमा सहदाद प्राप्त गरेका गुरुङ शहिदहरूबारे अध्ययन-अनुसंन्धान गर्ने रहेको छ ।

**संस्थागत सम्बन्धी :**

- "तमू एकता" लाई मजवुत बनाउन संस्थागत विकास सुदृढीकरण गर्ने र ऐतिहासिक तमू एकताको भावनालाई अझ सुदृढ बनाउने ।
- केन्द्रीय कार्यालय तथा तमू संग्रहालय भवनको संग्रहालय कक्ष प्रदशर्नीका लागि आर्थिक सहयोग संकलन अभियान सञ्चालन गर्ने । संग्रहालयमा ऐतिहासिक पृष्ठभूमि (१८८५ को ताम्रपत्र, १९२४ को लालमोहर, १९७८ को भारदारी फैसला र २०६३ को पुनरावेदन अदालतको मिलापत्र) लगायत २०११ सालमा गठन गरिएको गुरुङ कल्याण संघको भूमिका देखि हालसम्मको संगठनात्मक विकास क्रमलाई अभिलेख गर्दै संरक्षण गर्ने ।
- देशभर संगठन विस्तार गर्ने ।
- सहकारी, आर्थिक कारोवर सम्बन्धी तमू संघ-संस्थाहरूसंग सम्बन्ध, समन्वय विस्तार गर्ने ।
- आर्थिक पारदर्शितालाई थप सुदृढीकरण गर्न आवश्यक क्षमताबृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने ।
- गुरुङ युवाहरूलाई निजामती कर्मचारी क्षेत्रमा प्रवेश गराउन क्षेत्रगत रुपमा लोकसेवा आयोग परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन गर्ने ।
- आवद्ध हुन बाँकी संघ-संस्थाहरूलाई आवद्ध गराई तमू एकता मजवुत बनाउने साथै पेशागत संस्थाहरू औपचारिक रुपमा गठन, विस्तार गर्दै तमूहरूको पेशागत संस्थाहरूलाई एकिकृत गर्दै छाता संस्थाको रुपमा तमू पेशागत महासंघ गठन गर्ने र आबद्ध गराउने ।

- गुरुङ समुदायमा प्रचलित प्ये ताँ ल्हु ताँ संरक्षण तथा सम्बर्द्धन सम्बन्धी सम्पूर्ण कार्यक्रम विशेष सदस्य संस्था प्ये ल्हु संघ नेपालसंगको समन्वयमा गर्ने र सो संस्थाको सहकार्यमा कार्यक्रमहरू गर्ने नीति अवलम्बन गर्ने ।
- युगौं देखि प्रचलनमा रहेको बुद्ध मार्गसंग सम्बन्धित पञ्च तत्व र अष्टङ्गिक मार्ग अनुसरण, संरक्षण तथा सम्बर्द्धन सम्बन्धी सम्पूर्ण कार्यक्रम विशेष सदस्य संस्था वौद्ध अर्घौं सदन, तमू वौद्ध सेवा समिति तथा सो संस्थाहरूसंग आवद्ध संस्थाहरूको सहकार्यमा गर्ने नीति अवलम्बन गर्ने ।
- समान उद्देश्यका अन्तर्राष्ट्रिय तमू संघ-संस्थाहरूसंग सदभाव, समझदारी र सम्बन्ध कायम गर्ने, तमू एकताको भावना अझ सुदृढ गर्ने र अन्तर्राष्ट्रिय तमू सम्मेलन गर्ने ।
- सम्पन्न सार्क तमू सम्मेलनलाई थप कृयाशिल बनाउन कार्यक्रमहरू सञ्चालन गर्ने ।
- तमूवान प्रदेश भित्र बसोवास गर्ने अन्य आदिवासी जनजाति समुदायहरूलाई तमूवानमा वहाँहरूको अधिकार कसरी सुनिश्चत हुन्छ भन्ने बारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।
- केन्द्रीय कार्यालयलाई गुरुङहरूको एक मात्र अध्ययन अनुसन्धान केन्द्र र तमूहरूको प्रमुख प्रसाशनिक केन्द्रको रुपमा विकास गर्ने साथै सचिवालयको कामलाई ई-मेल, सामाजिक सञ्जाल, इलेक्ट्रोनिक मिडिया मार्फत सञ्चालन गरी स्मार्ट बनाउने ।
- भातृ/भगिनी संस्थाहरूलाई मजवुत र सशक्त बनाउन आवश्यक प्रशिक्षण दिने ।
- अन्तर्राष्ट्रिय तमू संघ-संस्थाहरूसंग समन्वय गरेर बैङ्लोर, दिल्ली र भारतका मुख्य अस्पताल नजिक विभिन्न स्थानमा आर्थिक हिसाबले कमजोर देखिएका गुरुङहरूको उपचारार्थ जाँदा सकेसम्म निःशुल्क गाँस-वासको व्यवस्था गर्न पहल गर्ने, अस्पताल सम्बन्धी सुचना आदान-प्रदान गर्ने-गराउने र आर्थिक सहयोग जुटाउन गुरुङ स्वास्थ्य सहयोग कोष खडा गर्ने र परिचालन गर्ने ।
- अन्तर्राष्ट्रिय गुरुङ संघ-संस्थाहरूसंग समन्वय गरेर आर्थिक हिसाबले कमजोर देखिएका गुरुङहरूको छोराछोरीलाई उच्च शिक्षा प्रदान गर्न गराउन तमू शिक्षा सहयोग कोष खडा गर्ने र परिचालन गर्ने ।

**राज्य सम्बन्धी :**

- संविधानमा तमूवान प्रदेशको सुनिश्चितताका लागि आवश्यक कार्यक्रमहरू गर्ने । प्रदेश नं ४ लाई तमुवान प्रदेश घोषणा गर्न सरकारलाई दबाव दिने र आवश्यक परे सशक्त आन्दोलन गर्ने ।
- तमुवान प्रदेशको हक अधिकार के कति हुने भन्ने सम्बन्धी बहस र छलफल गर्ने । आवश्यक तमुवान निर्देशिका विकास गरी प्रकाशनमा ल्याउने । तमुवान प्रदेश भित्र हाम्रो समुदायको हक अधिकार सुनिश्चित गर्न राज्यलाई दबाव दिने । सो सम्बन्धी व्यापक अन्तरकृया एवं सचेतनामुलक कार्यक्रमहरूको अगुवाई गर्दै जाने साथै अन्तरजातीय सम्वादको पनि थालनी गर्ने ।
- आदिवासी जनजातिको हक, हित र अधिकार सम्बन्धी सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धि, महासन्धीहरू प्रति प्रतिवद्धता र ऐक्यवद्धता जनाउने ।
- आदिवासी जनजाति आयोगको सम्बन्धमा स्पष्ट नीति अवलम्बन गर्न आदिवासी जनजाति समुदायसंगको सहकार्यमा विभिन्न दबावमुलक कार्यक्रमहरू गर्दै जाने ।
- तमुवान भित्र तमू क्यूई भाषालाई अड्डा अदालतमा सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिइनु पर्ने र सो को लागि आवश्यक दबावमुलक कार्यक्रमहरूको नेतृत्व गर्ने ।
- हाम्रो महान चाँड तमू ल्होसारको सार्वजनिक विदा कम्तिमा ३ (तीन) दिनसम्म माग गर्ने । साथै विभिन्न तमू चाड-पर्वहरूको बारेमा ब्यापक सचेतना बृद्धि गर्ने र राष्ट्रब्यापि भव्यरुपमा मनाउँदै जाने नीति अवलम्वन गर्ने ।
- कास्की जिल्ला ताङतिङ गाविस वडा नं. ९ अवस्थित गुरुङहरूको आदिमथलो क्होल सों प्रे ट्होलाई विश्व सम्पदा सुचीमा राख्न नेपाल सरकारलाई दबाव दिने साथै उक्त पवित्रस्थललाई गुरुङहरूको ऐतिहासिक तिर्थस्थलको रुपमा विकास गर्ने । गुरुङहरूको आदिम थलो क्होल सों प्रे ट्होको संरक्षण

एवं सम्बर्द्धन गर्ने कार्ययोजना निर्माण गरी नेपाल सरकार लगायत विदेशी दातृ निकायहरूसँग पहल गर्ने । सो ऐतिहासिक स्थलको भ्रमण गर्नका लागि संस्थागत अभियान कार्यक्रम संचालन गर्ने ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विशेष योगदान पुऱ्याएका श्रीपति गुरुङ, सुपति गुरुङ, सुकदेव गुरुङ, झागल गुरुङ, डा. हर्क गुरुङ प्रा.सन्तबहादुर गुरुङ, डा.रेमबहादुर गुरुङ, श्रीप्रसाद गुरुङ लगायत अन्य गुरुङ समूदायका ऐतिहासिक ब्यक्तित्वहरू को कहाँबाट र के के इतिहास सहितको जीवनी तयार गर्ने साथै वहाँहरूलाई राज्यबाट यथोचित सम्मान दिलाउन पहल गर्ने ।
- संस्थाको आधिकारिक झण्डामा उल्लेख भए अनुसार तमू खेगी गुरुहरू पच्यू, क्ल्हेप्री, लम र पैंडीलाई अति सम्मानित स्थान दिंदै हाम्रो समुदायमा युगौं देखि कायम रहेको क्ह्रोंइवो र गुम्बालाई महत्व दिंदै यी पुजास्थल बीचको एकापसमा समन्वय ल्याउन राष्ट्रिय अन्तर्राष्ट्रिय तहमा सहकार्य गर्ने नीति अवलम्बन गर्ने ।
- केन्द्रीय कार्यालय एवं तमू संग्रहालय भवनमा राज्यकोषबाट नियमित आर्थिक सहयोग जुटाउन पहल गर्ने साथै यसको लागि पूर्व एवं वर्तमान सभासदहरूसंग पनि समन्वय गर्ने ।
- हाम्रो परम्परागत पेशाको पहिचान गरी लोप हुन नदिन राष्ट्रिय कार्यशाला गोष्ठी र नीति निर्माण, कार्ययोजना तयार गर्ने तथा नेपाल सरकारसंग संरक्षण र सम्बर्द्धनका लागि पहल गर्ने ।
- हाम्रो समुदाय वा संघ-संस्थाहरूको सर्वाङ्गीण विकास हुने दिर्घकालीन र अल्पकालीन विभिन्न आयमूलक तथा सचेतनामुलक कार्यक्रमहरू गर्ने, गराउने ।
- हाम्रो भाषा, संस्कार, संस्कृति, भेष-भूषाको संरक्षण र संवर्द्धन गर्नको लागि रणनीतिक योजना बनाई नेपाल सरकारसँग माँग गर्ने ।
- आदिवासी जनजाति पुनःर्सुचि परिमार्जन कार्यदललाई हामी सम्पूर्ण तमू (गुरुङ)हरू एक हौं र उपथरहरू छुट्याउन आवश्यक नभएको भनेर दवाव दिने ।
- जलवायु परिवर्तन र यसले गुरुङ समुदायमा पार्ने प्रभावका विषयहरूमा जनचेतना, परियोजना कार्यक्रम गर्ने ।

**सुधार गर्नु पर्ने केही पक्षहरू** : श्रद्धेय अध्यक्ष ज्यू तथा प्रतिनिधि मित्रहरू, संस्थाले सुधार गर्नु पर्ने केही पक्षहरू संक्षेपमा राख्न चाहन्छु ।

- संस्थामा आवद्ध हुन बाँकी रहेका ब्यक्ति, संघ-संस्थाहरूलाई समेटेर मूलधारमा ल्याउन कार्यदल, समिति, वार्ता समिति तथा अनौपचारिक भेटघाट र अन्तरकृया जस्ता विभिन्न प्रयत्नहरूबाट तमू एकताको मुल मर्म र भावनालाई सामुहिक रुपमा थप सशक्त बनाउनु पर्ने ।
- नेपालको संविधान २०७२ मा गुरुङ लगायत आदिवासी जनजातिले उठाउँदै आएको सिमाङ्गनका विषय, भाषा र पहिचानजन्य विषयहरूको उचित सम्बोधन नभएको र सो को लागि सशक्त आन्दोलन गर्नु पर्ने ।
- हाम्रो संस्थाको पदाधिकारी तथा सदस्यहरूबीच विषयगत विभाग तथा क्षेत्रगत जिम्मेवारी बाँडफाँड गरि सकेकोले सशक्त अनुगमन गर्नु पर्ने ।
- संस्थागत विकासका लागि तमू युवाहरूको अधिक संलग्नता र क्षमता, विषयगत ज्ञान अनुसारको नेतृत्वको जिम्मेवारी प्रदान गर्ने ।
- संस्थाको कार्यकारिणी तहका पदहरूलाई मान, सम्मानको लागि ओगटने सोच, प्रवृतिलाई निरुत्साहित गर्दै कामको जिम्मेवारी दायित्व वहन गर्ने स्थानका रुपमा विकास गर्ने ।

**धन्यवाद सम्बन्धमा** : संस्थाको २०६९ माघ २०, २१ र २२ गते विर्तामोड, झापामा सम्पन्न दोश्रो राष्ट्रिय महाधिवेशनबाट संस्थाका श्रद्धय अध्यक्ष श्री रेशम गुरुङको नेतृत्वमा गठित केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू, भातृ-भगिनी संस्थाका पदाधिकारी तथा सदस्यज्यूहरू, विशेष सदस्य संस्थाका पदाधिकारी तथा सदस्यज्यूहरू तथा आवद्ध संस्थाका पदाधिकारी तथा सदस्यज्यूहरू, संरक्षक परिषद, सल्लाहकार एवं अनुगमन निर्देशन समितिका सम्पूर्ण

महानुभावहरू सवैलाई म केन्द्रीय महासचिव धनमान गुरुङको तर्फबाट यो कार्यकालमा विविध सरसल्लाह, सहयोग-सदभाव, मित्रता र सौहार्दताका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यो प्रतिवेदन तयारीमा अमुल्य सुझाव प्रदान गर्नु भएकोमा सांगठनिक प्रतिवेदन तयारी उप-समितिका सदस्यहरू उप-महासचिब श्री नरबहादुर गुरुङ, संगठन सचिव श्री डम्बरबहादुर गुरुङ, मध्यमाञ्चल क्षेत्रीय सचिब श्री गोपाल गुरुङ, केन्द्रीय सदस्यद्धय श्री दिल गुरुङ र श्री मेनबहादुर घलेलाई हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, यस तेश्रो राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भएको सांगठनिक प्रतिवेदनमा धेरै विषयहरू निश्चय नै छुटेका छन्, केही त्रुटी भएका छन्, त्यसलाई यहाँहरूले सच्याई दिनु हुनेछ भन्ने पूर्ण विश्वास सहित प्रस्तुत नीति, भावी कार्यक्रम माथि गहन रुपमा छलफल गरी तमू एकताको मर्मलाई अझ सुदृढ बनाउन, संस्थालाई गतिशिल बनाउन र गुरुङ समुदायको हितको लागि अझ अग्रसर बनाउन सुझावहरू दिई यस सांगठानिक प्रतिवेदनलाई पारित गरिदिन हुन म सबैमा अनुरोध गर्दै तमू एकतालाई अझ सुदृढ बनाउन सवैमा हार्दिक आव्हान गर्न चाहन्छु । छ्याजालो ! जय तमू !!

भवदीय

......................................

धनमान गुरुङ

महासचिब

२०७३ माघ २२, २३ र २४ गते

कावासोती, नवलपरासी